कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

(लुम्बिनी प्रदेश, नेपाल)

## बाखा खरीद सम्बन्धी सूचना !

दोस्रो पटक सूचना प्रकाशित मिति :-२०७९/२/५

नेपाल सरकार विशेष अनुदान अर्न्तगत कोहलपुर नगरपालिकाले आ.व. २०७८/०७९ मा संचालन गरिरहेको **" गन्धर्व तथा वादी समुदायको आयआर्जन कार्यक्रम "** का लागि लाभग्राही गर्न्धव तथा वादी समुदायका परिवारहरुको आयआर्जनका लागि **'बाखा'** वितरण कार्यका लागि शिलबन्दी दरभाउ पत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत (मान्यता) प्राप्त व्यक्ति, सहकारी, समुह, फर्म तथा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वक दरभाउ पत्र आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउ पत्र खरिद गर्न चालु आ.व.का लागि नविकरण भएको इजाजत पत्र, दर्ता र आ.व. २०७७/०७८ सम्मको कर चुक्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न राखि लिखित निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने)तिरी इच्छुक बोलपत्र दाताले मिति २०७९/२/१९ गते सम्म वा सो दिन बिदा परेमा अर्को दिन कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कोहलपुर-११, बाँकेको कार्यालयबाट खरिद गर्न सकिने छ ।

२. खरिद भएका दरभाउ पत्रहरु मिति २०७९/२/२० गते दिनको १२ :०० बजे वा सो दिन बिदा परेमा अर्को दिन दिनको १२:०० बजे भित्र शिलबन्दी लाहाछाप गरि विवरण प्रष्ट खुलाई कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कोहलपुर-११, बाँकेको कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । दर्ता भएका दरभाउ पत्रहरु सोहि दिनको २:०० बजे उपस्थित बोलपत्रदाता वा निवेदकको प्रतिनिधिहरु र कोहलपुर नगरपालिका बाँकेका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोल पत्रदाताहरु वा निवेदकको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउ पत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिन सोही समय अनुसार हनेछ ।

४. म्याद नाघि आएको, रित नपुगेको र शर्त राखिएको बोलपत्र उपर कार्यवाही हुने छैन ।

५ .बोलपत्र दाताले दररेट अंक र अक्षरमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएमा केरमेट भएको ठाउँमा सहि छाप भएको हुनु पर्ने छ ।

६. कार्यक्रमको हितलाई ध्यानमा राखि बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्दगर्ने सम्पुर्ण अधिकार कोहलपुर नगरपालिकाको कार्यालय बाँकेमा रहनेछ ।

७. बोपलत्र साथ राजश्व वापतको रकम रु.१,०००।-(अक्षेरुपी एक हजार) कोहलपुर नगरपालिकाको नाममा रहेको आन्तरिक राजश्व खाता नं.०७२०५०१०००२३५३६५ कृषि विकास बैंक लि. कोहलपुर शाखा र जमानत वापतको रकम रु.४६,७५०।- (अक्षरुपी छ्यालिस हजार सातसय पचास मात्र) कोहलपुर नगरपालिकाको नाममा कोहलपुर नगरपालिकाको नाममा रहेको धरौटी खाता नं.०७२०५०१०००२३५२१७ कृषि विकास बैंक लि. कोहलपुर शाखा जम्मा गरेको भौचर वा जमानतको लागि सो बराबरको कम्तिमा १२० दिन म्याद भएको जमानत पेश गर्नु पर्ने छ ।

८. दरभाउपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र कोहलपुर नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । अथवा कार्यालयको फोन नं. ०८१-५४०३१८ वा मोवाईल नं. ९८५८०६५५४४/९८४८०५७१९२

९. यस सुचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका हकमा प्रचलित नेपालको कानुन बमोजिम हुनेछ । दरभाउको कामको विवरण निम्न अनुसार हुनेछ ।

**तपसिल :**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | संख्या | अनुमानित रकम | दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | BANKE/KOMUN/G/SQ-27/2078/079 | बाखा खरिद : स्थानिय खरी, बारबरी, अजमेरी क्रस, जमुनापारी, बोयर क्रस आदि (बाखाको तौल कम्तीमा २४ के.जी. हुनुपर्ने छ )। | १७० वटा | १८,७०,०००।- | १,०००।- | |

टिकाराम ढकाल

प्रमुख प्रशासकीय अधिकृत

टिकाराम ढकाल

प्रमुख प्रशासकीय अधिकृत